नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

कृष्णनगर भन्सार कार्यालय

कृष्णनगर, कपिलवस्तु

(मुद्दा शाखा)

## भन्सार नियमावली, २०८३ को नियम ८५(१) अनुसार विभिन्न तिन पांग्रे सवारी साधन तथा मोटरसाईकलहरु सिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने बारेको सूचना

(सूचना प्रकाशित मिति २०८३/०२/२६)

भन्सार छली चोरी निकासी/पैठारी लगायत विभिन्न अभियोगमा विभिन्न मितिमा यस कार्यालयमा प्रतिवेदन सहित दाखिला भएका तपसिलमा उल्लेखित विभिन्न तिन पांग्रे, सवारी साधन र मोटरसाईकलहरु समेत(दर्ता हुने/दर्ता नहुने कवाडी(Scrap)) भन्सार नियमावली, २०८३ को नियम ८५(१) अनुसार लिलाम बिक्रीको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचनामा उल्लेखित सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले इच्छुक व्यक्ती, फर्म वा संस्थाबाट सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तपसिलमा लेखिएका सर्तहरुको अधिनमा रहने गरी गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको छ । बोलपत्र फारम यस कार्यालयको लेखा/मुद्दा शाखाबाट खरिद गर्न सकिनेछ । साथै आफुले कबोल गरेको रकमको १०% ले हुने रकम कृष्णनगर भन्सार कार्यालंयमा रहेको नेपाल बैंक लिमिटेडको काउन्टरमा धरौटी खाता नं. ०१४०१०००००२००९००००१ कृष्णनगर भन्सार कोषमा जम्मा गरी सो को सक्कल भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ । अन्य व्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको मुंद्दा शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ । साथै यो सूचना यस कार्यालयको वेभसाईट www.customs.gov.np/krishnanagar र भन्सार विभागको वेभसाईट www.customs.gov.np मा पनि हेर्न सकिनेछ ।

तपसिल

### दर्ता हुने गरी(सि.नं. १ देखि ४ सम्म)

| सि.नं. /बो.प. नं. | मुद्दा नं. | दर्ता मिति | सवारी साधनको किसिम | चे.नं. | ई.नं./मोटर नं. | उत्पादन वर्ष | रंग | सि.सि./हर्स पावर | कायम भएको मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | Bajaj Auto | MD2A25BY7KWB37979 | AZYNYA97542 | 2019 | निलो | 199 | ७३८७५/- | |
| २ | 316 | 3/21/2077 | Bajaj Auto | MD2A25BYXJWF13179 | AZYWJE51578 | 2018 | रातो | 199 | ६०८४५/- | |
| ३ | 9 | 2082/04/03 | बजाजअटो | MD2B51BXMWK70017 | AZXWMLC33823 | 2021 | रातो | 236.2 | १०२५००/- | |
| ४ | 283 | 12/3/2081 | TVS Auto | MD6M14PK3H4H00205 | OK4HH4224552 | 2018 | रातो | 200 | ६५५२५/- | |
| दर्ता नहुने पत्रु(SCRAP) सवारी साधन | | | | | | | | | | |
| ५ | सवारी साधनको रुपमा प्रयोगमा ल्याउन नसक्ने गरी भन्सार कार्यालयमै पत्रु(SCRAP) बनाई लैजाने सर्तमा एकमुष्ठ लिलाम बिक्री गरिने विभिन्न मुद्दा नं. का सवारी साधन(अटो २ थान, मोटरसाईकल ७८ थान) थान ८०(बिस्तृत विवरण कृष्णनगर भन्सार कार्यालयको मुद्दा शाखाबाट बुझ्न सकिने) | | | | | | | | ४०७१९८ | |

**शर्तहरू :**

१)बोलपत्र फारम सूचना प्रकाशित मितिले १५(पन्ध्रौं) दिन (मिति २०८३।०३।०९) कार्यालय समय(५.०० बजे) भित्र बोलपत्र दस्तुर यस कार्यालयमा रहेको नेपाल बैंक लिमिटेड काउन्टरमा(यस कार्यालयको कोड नं. ३०५०३४९०१ तथा अन्य प्रकासनिक सेवा शुल्क वापत राजस्व शिर्षक १४२२९) मा प्रति बोलपत्र फाराम दस्तुर रू.१०००। बुझाई(फिर्ता नहुने गरी) संलग्न भौचर पेश गरी यस कार्यालयको मुद्दा शाखाबाट बोलपत्र खरिद गर्न सकिने छ । कार्यालयबाट विक्री नभएको तथा जुन बोलपत्र नम्वरको बोलपत्र खरीद गरेको हो सोही बोलपत्र जसको नाममा जारी भएको हो सोही व्यक्ति वा फर्म बाहेक अन्यले बोलपत्र दाखिला गर्न सक्ने छैन ।

२०८३/२/२६

२) बोलपत्र फाराम खरीदको लागि आफूले लिन चाहेको सवारी साधनको बोलपत्र नं. र मुद्दा नं./मिति उल्लेख गरी रू १० को टिकट टासी फर्मको हकमा फर्मको ईजाजतपत्रको प्रमाणित प्रतिलिपि, गत आ.व.को कर चुक्ता प्रमाणपत्र र आयकर/ मू.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदन यस कार्यालयमा पेश गर्नु पर्ने छ । यातायात व्यवस्था कार्यालयमा दर्ता नहुने गरी पत्रु स्क्राप(कवाडी) को हकमा लिलाम बिक्री गरिने साधनहरू कवाडीको कारोवार गर्न इजाजतपत्र प्राप्त भएका फर्म/कम्पनी/संघ/संस्थाले मात्र बोलपत्र खरिद गर्न सक्नेछन् ।

३) बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराममा सहीछाप गरेको हुनु पर्नेछ, अन्यथा बोलपत्र रद्द गरिनेछ ।

४) कबोल गरेको रकमलाई अंक र अक्षर दुवै मा स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेको बोलपत्रमा अक्षरलाई मान्यता दिईनेछ र केरमेट भएको स्थानमा दस्तखत गरेको हुनुपर्ने छ, अन्यथा मान्यता दिईने छैन ।

५) बोलपत्र दाखिला गर्दा बोलपत्र नं., बोलपत्रदाताको नाम थर, ठेगाना, फोन नं. र मुद्दा नं. सवारी/ ढुवानी साधनको किसिम समेत खुलाई खाममा लाहाछाप लगाई सिलबन्दी/खामवन्दी गरी पेश गर्नु पर्ने छ ।

६) सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिन (२०८३।०३।०९ गते ) कार्यालय समय भित्र खरिद गरिएको बोलपत्र फाराम सोह्रौं दिन (२०८३।०३।१० गते) दिउसो १२:०० बजे सम्म यस कार्यालयमा दर्ता हुनेछ । दर्ता हुन आएका सिलवन्दी बोलपत्र फारमहरू सोहि दिन दिनको २:०० वजे उपस्थित प्रतिनिधिहरू र बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट कार्यालय खुले पछि सोहि समयमा खोलिनेछ ।

७) कुनै शर्त राखी पेश गरेको बोलपत्र मान्य हुने छैन ।

८) बोलपत्र स्वीकृत भएको मितिले ७(सात) दिन भित्र आफूले कबोल गरेको साधनको कवोल मूल्य र सो मा प्रचलित नियमानुसार लाग्ने कर (मु.अ.कर र सि.नं. १ देखि ४ सम्मका सवारी साधनमा आर्थिक ऐन, २०८३ को अनुसूची ३ बमोजिम लाग्ने सडक निर्माण दस्तुर, स्वच्छ पुर्वाधार लगानी शुल्क ) समेत बुझाई सवारी साधन उठाई लैजानु पर्नेछ । सात दिन भित्र आफूले कबोल गरेको सवारी साधन उठाई नलगेमा निजको धरौटी जफत गरी निज भन्दा क्रमश: घटी कबोल गर्ने दोस्रो, तेश्रो र चौथो लाई प्राथमिकता दिइने छ र सो अनुसार पनि लिलाम हुन नसकेमा धरौटी रकम जफत गरी पुन: लिलामको कारवाही अगाडी बढाइनेछ ।

९) इच्छुक व्यक्तिले सवारी/ढुवानी साधन हेर्न चाहेमा यस कार्यालयमा आएर कार्यालय समय भित्र हेर्न, बुझ्न सकिनेछ ।

१०)बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन: लिलामको सूचना प्रकाशित गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

११) लिलामबाट सकार गरेका सवारी साधनहरू (सि.नं १ देखि ४ सम्म) को प्रचलित ऐन नियमानुसार दर्ता गराउने जिम्मा निज लिलाम सकारकर्ताको नै हुनेछ ।

१२) पत्रु (SCRAP) मा लिलाम गरिने (सि.नं. ५) साधनहरू सवारी साधनको रूपमा दर्ता नहुने र उक्त साधनहरू लिलाम सकार गर्ने व्यक्तिले यस कार्यालयको रोहवरमा आफ्नै खर्चमा त्यस्ता साधनहरूलाई सवारी साधनको रूपमा प्रयोगमा आउन नसक्ने गरी टुक्र्याएर पत्रु बनाई उठाई लैजानु पर्नेछ ।

१३) यसमा उल्लेख भए देखी बाहेक अन्य काम कारवाहीहरू प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

२०८३।२।२६

प्रमुख सहायक? सूचना अधिकारी